# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ७) | सङ्ख्या : ३ | प्रकाशित मिति : २०८१/०३/१५


## भाग–१

## सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई प्रथम संशोधन गर्न बनेको ऐन, २०८१

**स्वीकृत मिति: २०८१/०३/१०**

**प्रमाणीकरण मिति: २०८१/०३/१३**

शिक्षा ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६ एवम् स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि नगरसभाले बनाएको सोही ऐनको दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो ऐनको नाम सिद्धिचरण नगरपालिकाको **शिक्षा (पहिलो संशोधन) ऐन, २०८१** रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. सिद्धिचरण नगरपालिका शिक्षा ऐन, ७५ दफा १६ उपदफा ४ मा नगर शिक्षा समितिको काम कर्तव्य र अधिकार खण्ड क देखि ध सम्म यथावत राखी देहायको खण्ड थप गरिएको द. (१) मा सिद्धिचरण नगरपालिका

मातहतका आधारभुत तथा माध्यमिक तहसम्मका सामुदायिक विद्यालय वा शैक्षिक संस्थामा कार्यरत शिक्षक कर्मचारी प्रारम्भिक बालकक्षाका सहयोगी कार्यकर्ताहरुलाई आवश्यकता अनुसार नगर क्षेत्रको जुनसुकै सामुदायिक विद्यालयमा पठनपाठन तथा विद्यालय सम्बन्धी कामको लागि काज खटाउने।

३. सिद्धिचरण नगरपालिका शिक्षा ऐन, ७५ को दफा ३७ को उपदफा १ र २ लाई यथावत कायम राख्दै देहायका उपदफाहरु समेत थप गरिने ।

दफा ३७ (३) मा उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका मातहतका आधारभुत तथा माध्यमिक तहसम्मका सामुदायिक विद्यालय वा शैक्षिक संस्थामा कार्यरत शिक्षक कर्मचारी प्रारम्भिक बालकक्षाका सहयोगी कार्यकर्ताहरुलाई आवश्यकता अनुसार नगर शिक्षा समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले नगर क्षेत्रको जुनसुकै सामुदायिक विद्यायमा पठनपाठन तथा विद्यालय सम्बन्धी कामको लागि काज खटाउन सक्नेछ । यसरी पठन पाठन तथा विद्यालय सम्बन्धी कामको लागि काज खटिएका शिक्षक तथा कर्मचारीले तलव भत्ता कुन विद्यालय मार्फत पाउने हो सो समेत खुलाउनु पर्नेछ ।

दफा ३७ (४) मा उपदफा १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि नैतिक आचारण तथा निजको व्यत्तिगत अनुशासन वा कार्यसम्पादन सन्तोषजनक नभएको लगायतका कारणबाट कुनै शिक्षक वा कर्मचारीलाई सो विद्यालयमा राखीरहँदा विद्यालयको शैक्षिक वातावरण खल्वलिएको वा खल्वलिन सक्ने बेहोरा विद्यालय व्यवस्थापन समिति तथा वडा शिक्षा समितिबाट निर्णय भई आएमा नगर शिक्षा समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले नगरक्षेत्रको जुनसुकै सामुदायिक विद्यालयमा पठनपाठन तथा विद्यालय सम्बन्धी कामको लागि काज खटाउन सक्नेछ ।

**<u>आज्ञाले</u>**

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत